निर्णयहरू:-

क. मकवानपुर जिल्लाभित्र कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि यस जिल्लामा मिति २०७८-०२-२० गते राती १२:०० बजेसम्म निषेधाज्ञा कायम गरिएकोमा जिल्लाभित्र संक्रमणको जोखिम यथावत नै रहेको हुँदा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम निषेधाज्ञालाई निरन्तरता दिई **मिति २०७८ साल जेठ २० गते बिहीबार राती १२:०० बजेदेखि मिति २०७८ साल जेठ ३१ गते सोमबार राती १२:०० बजेसम्म** यस मकवानपुर जिल्लाभर निम्नबमोजिम हुने गरी आदेश जारी गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**देहाय:-**

१. औषधी उपचार र खाद्य वस्तु तोकिएको समयमा खरिद गर्न नजिकका पायक पर्ने स्थानमा जान बाहेक कुनै पनि व्यक्तिहरू घर बाहिर निस्कन, मर्निङ तथा इभनिङ्ग वाकमा जान र हिँडडुल गर्न नपाइने ।

२. अत्यावश्यक उपभोग्य वस्तु (खाद्यान्न, पानी, दूध, माछा, मासु, अण्डा, फलफूल तथा तरकारी) बिक्री वितरण गर्ने पसलहरू विहान ४:०० बजेदेखि विहान ९:०० बजेसम्म मात्र खोल्न पाइने । औषधी पसल, कृषि बीउबीजन तथा मल बिक्री वितरण गर्ने पसल र भेटनरी, पेट्रोल पम्प, ग्याँस डिपो, अक्सिजन सिलिण्डर पसल नियमित सञ्चालन गर्नुपर्ने । यसरी पसल खोल्दा अनिवार्यरूपमा भौतिक दूरी कायम, जनस्वास्थ्यका मापदण्ड पालना र भिडभाड नहुने सुनिश्चितता सम्बन्धित व्यवसायीले गर्नुपर्ने । अन्य सबै प्रकारका व्यवसायहरू बन्द रहने ।

तर,

- हेटौडा उपमहानगरपालिकाको खोपेगल्लीमा रहेका सम्पूर्ण पसल र बसपार्कमा रहेका तरकारी तथा माछामासु बजार पूर्णरूपमा बन्द रहने,
- फलफूल तथा तरकारीको थोक बजारबाट खुद्रा बिक्री वितरण गर्न नपाइने,
- होलसेल खाद्यान्न बिक्रेताहरूले खुद्रा बिक्री वितरण गर्न नपाउने,
- डिपार्टमेन्टल स्टोर तथा मार्टहरू पूर्णरूपमा बन्द रहने । डिपार्टमेन्टर स्टोर तथा मार्टबाट खाद्यान्न बिक्रीको हकमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट अनुमति प्राप्त सवारी साधन प्रयोग गरी होम डेलिभरी सेवा मात्र प्रदान गर्न सकिने,
- दूध तथा तरकारी बिक्रेताहरूले सम्बन्धित सहकारी संस्थाहरूमार्फत वा आफै जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गरी, गराई जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट अनुमति प्राप्त मोबाईल भ्यानको प्रयोग गरी नियमितरूपमा टोल-टोलमा गई बिक्री वितरण गर्नसक्ने ।

३. एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्य वस्तु, तरकारी, दूध, खानेपानी, पेट्रोलियम पदार्थ बोक्ने ट्याङ्कर, स्वास्थ्य सामग्री र अक्सिजन ढुवानी गर्ने साधन, शव वाहन, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपंक्षीका दाना बोक्ने गाडी, कृषि मल तथा बीउबीजन बोक्ने गाडी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, दूरसञ्चार, विद्युत, इन्टरनेट सेवा प्रवाह गर्ने सवारी साधन तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन र जिल्ला प्रशासन कार्यालयहरूबाट अनुमति प्राप्त सवारी साधन बाहेक कुनै पनि प्रकारका सार्वजनिक (मयुरी, अटो, टयामेपो समेत) वा निजी यात्रुवाहक (मोटरसाइकल समेत) र अन्य ढुवानीका सवारी साधनहरू सञ्चालन गर्न नपाइने ।

४. सरकारी कार्यालय, सार्वजनिक संस्थान, बैंक एवं अत्यावश्यक सेवा प्रदान गर्ने क्षेत्रमा कार्यरत कर्मचारी तथा कामदारहरूलाई सम्बन्धित कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा कार्यालय समयमा मात्र र समाचार संकलन/सम्प्रेषण कार्यमा खटिएका सञ्चारकर्मीहरूको हकमा पहिचान खुल्ने फोटो सहितको परिचयपत्रका आधारमा आवत जावत गर्न दिइने ।

५. अन्य जिल्लाबाट आएका पूर्व-पश्चिम राजमार्ग भई जाने लामो दूरीका सवारी साधन, मालवाहक सवारी साधनहरू तथा निर्माण सामग्री ढुवानीका साधनहरू यस जिल्लामा नरोकिने गरी आवत जावत गर्न पाइने । औद्योगिक

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

कच्चा पदार्थ, तयारी उत्पादन एवं खाद्यान्न बोक्ने सवारी साधनहरू हेटौडा बजार क्षेत्रभित्र विहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म मात्र आवत जावत एवं लोड अनलोड गर्न पाइने र सोही समयमा मात्र सवारी साधन मर्मत गर्ने वर्कसपहरू खोल्न पाइने ।

६. अत्यावश्यक सरकारी सेवाहरू एक चौथाई कर्मचारीको व्यवस्थापन गरी आलोपालो प्रणालीबाट सञ्चालन गर्ने ।

७. बैंकबाट प्रदान गरिने सेवाहरू जनस्वास्थ्यका मापदण्ड अनिवार्य अवलम्बन गरी भिडभाड नहुने गरी एक चौथाई कर्मचारीहरूबाट मात्र हप्तामा आइतबार, मंगलबार र बिहीबार ३ दिन विहान १०:०० बजेदेखि दिनको २:०० बजेसम्म मात्र सञ्चालन गर्ने । अन्य वित्तिय संस्था, इन्स्योरेन्स कम्पनी, मनी ट्रान्सफर तथा वित्तिय सहकारी संस्थाहरू पूर्णरूपमा बन्द रहने ।

८. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा नित्य पूजा मात्र सञ्चालन गरी अन्य समयमा अनिवार्य बन्द गर्ने । धार्मिक, सांस्कृतिक र सामाजिक लगायत कुनै पनि प्रकारको जमघट तथा भेला हुने क्रियाकलाप सञ्चालन गर्न नपाइने । तर, विवाहका लागि बढीमा १५ जनासम्म नजिकको प्रहरी इकाईसँग समन्वय गरी आफ्नै निवासमा जनस्वास्थ्यका मापदण्ड पालना गरी सम्पन्न गर्न सकिने ।

९. विवाहका लागि जिल्लाभित्र एक ठाउँबाट अर्को ठाउँ वा अन्तर जिल्ला जानुपर्ने भएमा एकवटा सवारी साधनमा ७ (सात) जनासम्म मात्र जान सकिने ।

१०. औद्योगिक प्रतिष्ठानहरूले उद्योगमा कार्यरत मजदूर कर्मचारीहरूलाई जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गरी, गराई सम्बन्धित उद्योग प्रतिष्ठानमा कार्यरत मजदूर कर्मचारीहरूसँग समन्वय गरी उद्योग परिसरभित्रै वा निश्चित स्थानमा राखी बाहिर आवत जावत नहुने सुनिश्चितता गरी उद्योग सञ्चालन गर्न सकिने ।

११. विकास आयोजना तथा निर्माण कार्य सञ्चालन गर्दा आयोजनास्थल वा निर्माणस्थलमा नै कामदार तथा कर्मचारी रहने व्यवस्था मिलाई जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गरी, गराई निर्माण कार्य सञ्चालन गर्न सकिने ।

ख. प्रकरण नं. १ देखि ११ सम्मको आदेश जिल्लाभित्र कार्यान्वयन भए, नभएको सम्बन्धमा स्थलगतरूपमा अनुगमन तथा सहजीकरणका निम्ति देहायबमोजिमको अनुगमन समिति गठन गर्ने । सो समितिले नियमितरूपमा स्थलगत अनुगमन गरी कार्यान्वयनको अवस्था एवं देखिएका समस्याका सम्बन्धमा सुझाव सहित जिल्ला कोभिड व्यवस्थापन समिति, मकवानपुरमा दैनिक प्रतिवेदन गर्ने ।

| स्थानीय तह | अनुगमन समिति |
|---|---|
| हेटौडा उपमहानगरपालिका | जिल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रशासकीय अधिकृत श्री गुणराज प्रसाद न्यौपानेको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी कार्यालयबाट अधिकृत प्रतिनिधि, हेटौडा उ.म.न.पा.को अधिकृत प्रतिनिधि, स्वास्थ्य कार्यालयको प्रतिनिधि, पत्रकार महासंघ मकवानपुरको प्रतिनिधि, उद्योग संघ मकवानपुर र मकवानपुर उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य रहने । |
| मनहरी, राक्सिराङ्ग र कैलाश गाउँपालिका | जिल्ल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रशासकीय अधिकृत श्री दिलिप कुमार श्रेष्ठको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी कार्यालयबाट अधिकृत प्रतिनिधि, सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुख प्रतिनिधि, पत्रकार महासंघ मकवानपुरको प्रतिनिधि र मकवानपुर उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य रहने । |
| भिमफेदी, इन्द्रसरोवर गाउँपालिका र थाहा नगरपालिका | जिल्ल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रशासकीय अधिकृत श्री देबचन्द्र गतौंलाको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी कार्यालयबाट अधिकृत प्रतिनिधि, थाहा न.पा. को हकमा अधिकृत र स्वास्थ्य शाखा प्रमुख प्रतिनिधि तथा गाउँपालिकाको हकमा सम्बन्धित गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र |

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

| स्थानीय तह | अनुगमन समिति |
|---|---|
| | स्वास्थ्य शाखा प्रमुख प्रतिनिधि, पत्रकार महासंघ मकवानपुरको प्रतिनिधि र मकवानपुर उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य रहने । |
| बागमती, बकैया र मकवानपुरगढी गाउँपालिका | जिल्ला समन्वय समितिका शाखा अधिकृत श्री भिमलाल महर्जनको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी कार्यालयबाट अधिकृत प्रतिनिधि, सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुख प्रतिनिधि, पत्रकार महासंघ मकवानपुरको प्रतिनिधि र मकवानपुर उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य रहने । |

ग. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडाबाट जिल्ला विपद् व्यवस्थापन समिति, मकवानपुरलाई प्राप्त रकम रु.६,००,०००/- लाई देहायबमोजिमका शीर्षकमा खर्च गर्न जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई सिफारिस गर्ने ।

१. निषेधाज्ञाको व्यवस्थापन गर्ने सन्दर्भमा भिडभाड नियन्त्रणमा खटिएका सुरक्षाकर्मीहरूको निम्ति हेन्ड माईक खरिद ।

२. निषेधाज्ञाको समयमा खटिएका कर्मचारी एवं सुरक्षाकर्मीहरूको लागि पीपीई, मास्क, सेनिटाइजर, अक्सिमिटर, थर्मल गन लगायतका स्वास्थ्य सामग्री खरिद ।

३. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा प्रमुख जिल्ला अधिकारीद्वारा जारी आदेश एवं जिल्ला प्रशासन कार्यालयद्वारा जारी विविध सूचनाहरू जनमानससम्म पुर्याउन स्थानीय सञ्चार माध्यमद्वारा सूचना सम्प्रेषण गर्ने कार्यमा खर्च ।

४. निर्णय नं. ख बमोजिम गठित अनुगमन तथा सहजीकरण समिति लगायत अनुगमनका क्रममा प्रयोग हुने सवारी साधनको इन्धन खर्च ।

घ. कोभिड-१९ बाट मृत्यु हुनेहरूको शव व्यवस्थापन र प्रोटोकल सम्बन्धमा तालिम आवश्यक परेमा स्थानीय तहको अनुरोधमा नेपाली सेना, पुरानो गोरख गण, सुपारेटार व्यारेकले आवश्यक तालिम प्रदान एवं सहजीकरण गर्ने ।

ङ. हेटौंडा उ.म.न.पा., मकवानपुरगढी र मनहरी गा.पा.मा सञ्चालन भइरहेका १७ वटा एम्बुलेन्समा स्वास्थ्य कार्यालय, मकवानपुरले GPS जडान गर्ने व्यवस्था मिलाउने । कोभिड-१९ को हालको विषम परिस्थितिमा GPS Tracking को मनिटरिङ्ग जिल्ला प्रहरी कार्यालय, मकवानपुरको प्रहरी कन्ट्रोल रुमले गर्ने र अवस्था सहज भएमा सम्बन्धित निकायले नै मनिटरिङ्ग गर्ने । साथै, आगामी वर्षदेखि उक्त GPS Device को लाग्ने वार्षिक रिन्यू खर्च, सर्भर चार्ज, सर्भिस चार्ज, डाटा चार्ज आदि सम्बन्धित एम्बुलेन्स सञ्चालक संस्थाले नै भूक्तानी गर्ने ।

च. जिल्लाभित्र कोभिड-१९ बाट संक्रमित भई होम आइसोलेशनमा बसेका बिरामीहरूले नियमित स्वास्थ्य परीक्षण गराइरहेका कतिपय स्थानीय तहमा रहेका स्वास्थ्य इकाईहरू र निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य क्लिनिक एवं पोलिक्लिनिकहरूले बिरामीलाई अस्पताल रिफर गर्दा जटिल अवस्थामा मात्र गरेको भन्ने गुनासो प्राप्त भएको सन्दर्भमा स्वास्थ्य कार्यालय, मकवानपुरले यथार्थ के भएको हो सो छानविन गरी स्थानीय तह अन्तर्गत रहेका स्वास्थ्य इकाई र निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य क्लिनिक एवं पोलिक्लिनिकहरूलाई यस सम्बन्धमा स्वास्थ्य कार्यालय, मकवानपुरले आवश्यक निर्देशन गर्ने ।

२०७८।२।१५

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी